**नेपाल खाद्य संस्थान**

**प्लाष्टिक बोरा खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**प्रकाशित मिति २०७४।०९।२४**

यस संस्थानले विभिन्न कार्यालयहरुको लागी प्लाष्टिकको बोरा खरीद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) प्राप्त गरी मूल्य अभिवृद्धि कर, (VAT) मा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. संस्थानको प्रधान कार्यालय खरीद एकाई काठमाडौं र तोकिए वमोजिमका अञ्चल/शाखा कार्यालयहरुबाट फिर्ता नहुने गरी रु. ३०००/- दाखिला गरी बोलपत्र फाराम र सो सम्वन्धी कागजात सेट खरीद गर्न सकिनेछ ।

२. संस्थानले खरिद गर्ने बोराको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति निम्न तालिकामा तोकिए बमोजिम हुनेछ ।

| सि. नं | बोराको विवरण | बोरा बुझाउने कार्यालय | परिमाण (थानमा) | धरौटी | बोलपत्र दस्तुर (रु) | खरिद एकाईका साथै बोलपत्र खरिद गर्न सकिने अन्य कार्यालय | बोलपत्र दर्ता गर्ने तथा खोल्ने कार्यालय र मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ३० के.जी. क्षमता, ६५ देखी ७० ग्राम तौल , १९"×२९" आकार साइज, प्लाष्टिक लेमिनेटेड प्रिण्टेड भर्जिन प्लाष्टिक बोरा | अं.का नेपालगंज | १०००० | १०,६३०।- | ३०००/- | अं.का नेपालगंज | नेपाल खाद्य संस्थान, खरिद एकाई , प्रधान कार्यालय, काठमाडौं । मिति २०७४।१०।२४ |
| | | शा.का सुर्खेत | ३०००० | | | शा.का सुर्खेत | |
| | | आ.चा.का राजापुर | ६०००० | | | आ.चा.का राजापुर | |
| | | अ का धनगढी | १००० | | | अ का धनगढी | |
| | | शा.का. भैरहवा | ५००० | | | शा.का. भैरहवा | |
| | | अं.का.तुलसीपुर | ५००० | | | अं.का.तुलसीपुर | |
| | | शा.का. विरगंज | ३००० | | | शा.का. विरगंज | |
| | | अं.का. लहान | ३००० | | | अं.का. लहान | |
| | | शा.का. जनकपुर | २०,००० | | | शा.का. जनकपुर | |
| | | अं.का. काठमाडौं | १०,००० | | | अं.का. काठमाडौं | |
| २ | २५ के.जी. क्षमता, ६० देखी ६५ ग्राम तौल , १९"×२७" आकार साइज, प्लाष्टिक लेमिनेटेड प्रिण्टेड भर्जिन प्लाष्टिक बोरा | अं.का.काठमाडौं | १०,००० | | | अं.का.काठमाडौं | |
| ३ | १० के.जी. क्षमता, ३० ग्राम तौल (±२ ग्राम) १५"×२०" आकार साइज, प्लाष्टिक लेमिनेटेड प्रिण्टेड भर्जिन प्लाष्टिक बोरा | शा.का. जनकपुर | ३०००० | | | शा.का. जनकपुर | |

३. तोकिएका सबै कार्यालयहरुमा बोरा बुझाउने गरी बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्रदाताले मु.अ.क. सहित बोराको मूल्य कबोल गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम बोलपत्र पेश गर्ने कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य बैंकबाट नेपाल खाद्य संस्थानको नाममा जारी भएको नियमानुसारको बैक जमानीपत्र पेश गर्नु पर्नेछ ।

५. बोलपत्रको खाम बाहिर **"बोरा खरीद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी खाम शिलबन्दी गर्नु पर्नेछ ।

६. यो सूचना प्रकाशित मितिले ३० औं दिन अर्थात मिति २०७४।१०।२३ गतेसम्म कार्यालय समयभित्र बोलपत्र खरीद गर्नु पर्नेछ ।

७. बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहीछाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत यो सूचना प्रकाशित मितिले ३१ औं दिन अर्थात मिति २०७४।१०।२४ गते दिउसो १२ :०० बजे भित्र नेपाल खाद्य संस्थान खरिद एकाई प्रधान कार्यालयमा पेश गर्न सकिने छ । समय नाघि आएको बोलपत्र स्वीकार गरिने छैन । पेश हुन आएका बोलपत्रहरु सोहि दिन दिउसो २.०० बजे खोलिनेछ । बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ ।

८. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ दिन भित्र खरीद/बिक्री सम्झौता गरी न्यूनतम कबूल दरले कूल परिमाण बोरालाई गुणन गरी हुने रकमको ५५ नगद जम्मा गरी वा सो बराबरको बैंक जमानी पत्र (**Performance Bond)** पेश गरी सम्झौता गर्नु पर्नेछ । निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ ।

९. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ । बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थानमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छन् ।

**खरिद एकाई, प्रधान कार्यालय , काठमाडौं । फोन नं ०१ (४२५५८६५)**